नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरवार, काठमाडौं
सूचि दर्ता गराउने सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०७३/०४/२६)

यस सचिवालयलाई आ.व. २०७३/०७४ का लागि आवश्यक पर्ने निम्नानुसारका सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवम् संस्थाहरुवाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार छुट्टा छुट्टै सूचि (standing list) दर्ताका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस सचिवालयको प्रशासन तथा कार्यक्रम शाखामा दरखास्त दर्ता गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**क) खरिद तथा आपूर्तितर्फः**
१. मसलन्द तथा कार्यालय सामान
२. मेशिनरी उपकरण (कम्प्युटर, फोटोकपी, युपिएस, प्रिन्टर,स्क्यानर,AC मेशिन,पंखा तथा अन्य इलेक्ट्रोनिक्स सामान)
३. इलेक्ट्रिकल सामान
४. पिउने पानी
५. छपाइ सम्वन्धी कार्य
६. फर्निचर तथा फर्निसिङ्ग
७. पत्रपत्रिका तथा पुस्तक
८. इलेक्ट्रोनिक्स मेशिनरी उपकरणहरुका पाटपूर्जा
९. सवारी साधनका पाटपूर्जा
१०. श्रव्यदृश्य सामाग्री निर्माण
११. नेपाली पश्मिना,नेपालमा उत्पादति सानो/ ठूलो झोला आदि ।
१२.नेपाली घरेलु/हस्तकला सम्बन्धी सामाग्रीहरु
१३.नेपाली wooden-crafts,मूर्तिकला सम्बन्धी सामाग्रीहरु
१४.खाना तथा खाजा आपूर्ति
१५. फूल बिरुवा आपूर्ति
१६. आन्तरिक तथा बाह्य हवाई टिकट खरिद

**ख) निर्माण / मर्मत कार्यतर्फ**
१.कम्पाउण्डवाल निर्माण,मर्मत र सम्भार तथा कम्पाउण्ड सरसफाई
२.बगैंचा निर्माण,मर्मत र सम्भार
३.पार्किङ स्थल र सेड निर्माण
४.कार्यालय रङ्रोगन तथा वालपेपर पेष्टिङ
५.आल्मुनियम तथा अन्य पार्टेशन
६.शौचालय तथा खानेपानी निर्माण,मर्मत तथा सम्भार
७. सवारी साधन (मोटर गाडी र मोटरसाइकल, स्कुटर आदि) मर्मत
८. कम्प्युटर, फोटोकपी, प्रिन्टर, एसी, फ्याक्स, स्क्यानर, युपिएस लगायतका इलेक्ट्रोनिक्स सामानहरु मर्मत

**ग) सेवा तर्फः**
१. निर्माण कार्य सम्बन्धी इन्जिनियरिङ परामर्श सेवा
२. संघीय संरचनामा योजना निर्माण,तर्जुमा तथा कार्यान्वयन सम्बन्धी परामर्श सेवा
३.विभिन्न क्षमता विकास सम्बन्धी तालिमहरु(सवारी साधन संचालन,अंग्रेजी भाषा,कम्प्यूटर,सफ्टवेयर,अनुगमन मूल्यांकन,project analysis,Professional writing and TOR writing आदि )
४. २ तारे,३ तारे,४ तारे,५ तारे र रिसोर्टहरुमा सञ्चालन गरिने गोष्ठी,सेमिनार,कार्यशाला,तालिम आदि सम्बन्धी सेवाहरु
५.मानव संशाधन नीति तर्जूमा सम्बन्धी परामर्श सेवा

६. नेपालको दीर्घकालीन सोच २०३० निर्माण,सार्वजानिक निजी साझेदारी मार्गदर्शन तथा प्रोजेक्ट बैंक निर्माण,सामाजिक सुरक्षा कार्ययोजना निर्माण,Project implementation manual निर्माण,योजना र वार्षिक विकास कार्यक्रम तर्जूमा सम्बन्धी निर्देशिका निर्माण,वृतचित्र निर्माण,CDI सम्बन्धी निर्देशिका निर्माण आदि सम्बन्धी परामर्श सेवा ।

७. वेबसाईट तथा सफ्टवेयर निर्माण सम्बन्धी परामर्श सेवा

८. Macroeconomic सम्बन्धी अध्ययन, CGE modeling, Macro modeling तथा SDGS costing तयारी तथा निर्माण सम्बन्धी परामर्श सेवा

९. स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम,निर्वाचन क्षेत्र विकास कार्यक्रम, शहरी विकास, सामुदायिक सूचना केन्द्र, स्वास्थ्य मन्त्रालयका तालिम केन्द्रहरु, कृषि तथा वनविज्ञान, climate smart agriculture,मानवसंशाधन नीति निर्माण,प्रकोप व्यवस्थापन आदि सम्बन्धी अध्ययन तथा परामर्श सेवा

१०. टेलिभिजन तथा रेडियोबाट योजना निर्माण तथा विकास सम्बन्धी बहस तथा अन्तर्क्रिया कार्यक्रम प्रशारण गर्ने सम्बन्धी परामर्श सेवा

११. सुचना, विज्ञापन प्रकाशन/प्रशारण

१२. कुरियर सेवा, ढुवानी सेवा

१३. क्षेत्रगत विषय विज्ञहरुको परामर्श सेवा (रोष्टर निर्माण)

**दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरु**

१. फर्म दर्ता प्रमाणपत्रको छाँयाप्रति ।

२. स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको छाँयाप्रति (मु.अ.करमा दर्ता हुनु नपर्ने भए सो खुल्ने आधिकारिक कागजात) ।

३. आ.व. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र ।

४. सालवसाली वा आवधिक रुपमा नविकरण गर्नु पर्ने फर्मको हकमा नविकरण भएको प्रमाण खुल्ने कागजात ।

५. उल्लेखित सेवा प्रदान गर्न प्रचलित कानूनले कुनै निकायको अनुमति लिनु पर्ने उल्लेख भएको हकमा सो अनुमति लिएको प्रमाणपत्र ।

६. आफुले निवेदन गरेको सेवा/कार्यसँग सम्वन्धित् विगतमा ३ बर्षसम्म काम गरेको अनुभव खुल्ने कागजात ।

७. क्षेत्रगत बिषय विज्ञहरुको परामर्श सेवामा सूचिकृत हुन चाहाने फर्म/व्यक्ति/संस्थाहरुको हकमा सम्वन्धित क्षेत्रको विज्ञता खुल्ने कागजात ।

८. कुनै पेशागत कसुर गरी सजाय नपाएको तथा सम्वन्धित् कार्य गर्न नपाउने गरी कालो सूचिमा नपरेको स्वघोषणापत्र ।

माथि उल्लेखित सामान तथा सेवा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा फर्मले उल्लेखित प्रत्येक सेवाको लागि छुट्टा छुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ । रीत नपुगी र म्याद नाघी प्राप्त भएका दरखास्त मान्य हुने छैन । प्राप्त दरखास्तहरु स्वीकृत गर्ने /नगर्ने अधिकार यस सचिवालयमा सुरक्षित रहनेछ । उपरोक्तानुसारको सूची आ.व. २०७३/०७४ सम्मका लागि मात्र मान्य रहनेछ ।

खरिद इकाई
राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरवार, काठमाडौं ।